## मिति २०८०।०२।०५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को पन्धौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** मिति २०७९ फागुन ४ गते बसेको नगर कार्यपालिकाको यस आर्थिक वर्षको १० औ बैठकको निर्णयानुसार छनौट भएको वडा नं. ६ को कि. नं. १ को नेपाल सरकारको नाममा दर्ता कायम रहेको जग्गाको पूर्व-पश्चिम तर्फबाट ८ विघा जग्गा गैंडाकोट नगरपालिकाको फोहोरमैला श्रोत प्रशोधन केन्द्र निर्माणको लागि गैंडाकोट नगरपालिकाको नाममा **"सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९"** बमोजिम भोगाधिकार उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्लास्तरीय सिफारिस समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.२** निर्माणाधिन गैंडाकोट नगर अस्पताल भवनको निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन पेश गरेको र निजले पेश गरेको कारण र औचित्य उपयुक्त नै देखिएकोले गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२९ बमोजिम उक्त भवन निर्माणको निर्माणको लागि कार्य सूचिका आधारमा नौ (९) महिनाको अवधी थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगरक्षेत्रमा विभिन्न समयमा भएका विपद्जन्य दुर्घटनाबाट धनजनको क्षति पुगेका तपशिल बमोजिमका व्यक्तिहरुलाई सम्बन्धित वडाको सिफारिस तथा प्रहरी मुचुल्का समेतका आधारमा तपशिल बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो।

क) गैंडाकोट वडा नं.१४ मा घरको ईनार खन्ने क्रममा मृत्यु भएका तुलसी प्रसाद थनेतको परिवारलाई रु.१ लाख राहत उपलब्ध गराउने।

ख) गैंडाकोट वडा नं.४ मा घरगोठमा आगाली भई क्षति भएका घरमुली श्री टंकनाथ अधिकारीलाई रु.५० हजार राहत उपलब्ध गराउने।

**निर्णय नं.४** गैंडकोट नगरपालिका, भरतपुर महानगरपालिका र देवघाट गाउँपालिका जोड्ने गरी देवघाट क्षेत्रमा झोलुङ्गे पुल निर्माणको लागि सस्पेन्सन बृज डिभिजन कार्यालय, पुल्चोक, ललितपुरलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.५** गैंडकोट नगरपालिकामा हालसम्म उठेको आन्तरिक आय र संघीय तथा प्रदेश अनुदानबाट प्राप्त रकम बैठकमा पेश भई छलफल गरियो। संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशत फिर्ता भएको र राजस्व बाँडफाँट तर्फ पनि अनुमान गरिए अनुरुप रकम प्राप्त हुने अवस्था नदेखिएकोले नगरबाट संचालन हुने गरी बजेट कार्यक्रममा परेका तर काम शुरु नभएका चालु प्रकृतिका कार्यक्रमहरु अत्यावश्यक अवस्थामा बाहेक अगाडी नबढाउने र वडा सिलिङ तर्फ विनियोजित कामहरु समेत सम्बन्धित वडा कार्यालयहरुबाट अत्यावश्यक भएमा मात्र अगाडी बढाउने र यसरी अत्यावश्यक अवस्था परी कार्यान्वयन गरिएका योजनाहरुको स्रोत अभावले भुक्तानी हुन नसकेमा आगामी आर्थिक वर्षमा भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ६** देहायका योजनाहरु विभिन्न कारणबाट तत्काल अगाडी बढाउनु पर्ने भएको तर नगरमा यस वर्ष विनियोजन गर्न स्रोतको अवाभ भएकोले आगामी वर्षको बजेटबाट भुक्तानी हुने गरी वहुवर्षीय योजनाको रुपमा सम्झौता गरी अगाडी बढाउने निर्णय गरियो ।

क) वडा नं. १६/१७ मा नारायणी नदी किनारमा मेश जाली लगाउने योजना रु. ३० लाख

ख) वडा नं. ७ को नारायणी मा.वि. स्कूलको भवन निर्माण ७ लाख

ग) वडा नं. १३ कैलाश आश्रम दर्शन मार्ग स्तरोन्नती १० लाख

घ) वडा नं. ५ को लामिछाने मार्ग स्तरोन्नती ९ लाख

ङ) वडा नं. ५ को SPM मार्ग स्तरोन्नती ७ लाख

**निर्णय नं. ७** विभिन्न वडाहरुबाट माग भई नगरप्रमुखबाट तोकादेश भएका योजनाहरु बैठकमा पेश भयो । ती योजनाहरुलाई सम्बन्धित विषयगत समितिमा छलफलमा पठाउने र आगामी वर्षको बजेट तथा कार्यक्रम निर्माणको क्रममा यसरी माग भई आएका योजनाहरुलाई आवश्यकता र प्राथमिकताका आधारमा विषयगत समितिहरुले छलफल गरी अगाडी बढाउन सक्ने निर्णय गरियो ।

**निर्णय नं. ८** सडक डिभिजन भरतपुरबाट ठेक्का सम्झौता भएको राष्ट्रिय प्राथमिकता प्राप्त पुल्चोक-गोन्द्राङ सडक खण्डको लागि निर्माण व्यवसायी श्री ईन्डो-सगुन जे.भी. ले उक्त सडक निर्माणको लागि भरतपुर महानगरपालिका र सडक डिभिजन भरतपुर समेतको सिफारिस सहित माग गरेकोले गण्डकी प्रदेश सरकारले तोकेको रु. ७ रोयल्टी र नगरपालिकाको तर्फबाट रु. १ पर्यावरण शुल्क लिई १५००० घन मिटर नदिजन्य पदार्थ नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराएकोमा सो को समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** नारायणी नदि व्यवस्थापन आयोजना भरतपुरबाट नवलपरासी खण्डतर्फ ठेक्का सम्झौता भएको राष्ट्रिय प्राथमिकता प्राप्त नारायणी नदि तटवन्धन आयोजनाको निर्माण व्यवसायी श्री रमण त्रिवेणी जे.भि. ले २० हजार घ. मि. नदिजन्य पदार्थ माग गरेकोले उक्त आयोजनलाई गैंडाकोट नगरपालिका वडा नं. ७ स्थित खलेचौर "क" खण्डबाट गण्डकी प्रदेश सरकारले तोकेको रु. ७ रोयल्टी र नगरपालिकाको तर्फबाट रु. १ पर्यावरण शुल्क लिई नदिजन्य पदार्थ उत्खनन तथा संकलन गरी प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १०** नारायणी नदि व्यवस्थापन आयोजना भरतपुरबाट चितवन खण्डतर्फ ठेक्का सम्झौता भएको राष्ट्रिय प्राथमिकता प्राप्त नारायणी नदि तटवन्धन आयोजनाको निर्माण व्यवसायी श्री लुम्बिनी-बन्दन भगवती-के. वि. सि. जे. भि. ले भरतपुर महानगरपालिका र सम्बन्धित आयोजनाको सिफारिस सहित १५ हजार घ. मि. नदिजन्य पदार्थ माग गरेकोले उक्त आयोजनलाई कार्यालयले तोकेको क्षेत्रबाट गण्डकी प्रदेश सरकारले तोकेको रु. ७ रोयल्टी र नगरपालिकाको तर्फबाट रु. १ पर्यावरण शुल्क लिई नदिजन्य पदार्थ उत्खनन तथा संकलन गरी प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ११** नारायणी वगर क्षेत्रबाट नगर कार्यपालिकाको पूर्व निर्णयानुसार घाटगद्दी गरी राखिएको नदिजन्य पदार्थ (Stock Pile 1 र Stock Pile 2) गैंडकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम ३ पटक सम्म सूचना आव्हान गर्दा समेत विक्रि नभएको र निकट समयमा आउन लागेको वर्षातको समयमा उक्त स्थानमा नारायणी नदी आउने गरेको कारणबाट उक्त नदिजन्य पदार्थ बगाई लैजाने जोखिम पनि

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

रहेको अवस्थामा निर्माण व्यवसायी श्री संरक्षण निर्माण सेवाले गैंडाकोट नगरपालिकाबाट नदिजन्य पदार्थ माग गरेकोले सोही स्थानमा घाटगद्दी गरी राखिएको Stock Pile 3 को विक्रि मुल्य प्रति घन मिटर ४२५ (VAT & TDS बाहेक) लाई न्यूनतम मूल्य कायम गरी ५० प्रतिशत राजस्व नगदै अग्रीम रुपमा र ५० राजस्व आगामी असार २० गते भित्र जम्मा गर्ने गरी बैंक ग्यारेन्टी वा धरौटी लिई घाटगद्दी गरी राखिएको जम्मा ७८०८३.७३ घनमिटर नदिजन्य पदार्थ विक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** हिरोज कन्स्ट्रक्सनसँगको आय ठेक्का सम्झौता अन्त्यको विषयमा गठित कार्यदलबाट प्राप्त राय सुझावको आधारमा १२ औं नगर कार्यपालिका बैठकबाट भएको निर्णयलाई नै निरन्तरता दिने गरी सोही मिति २०७९।१२।०४ गते देखि लागू हुने गरी उक्त आय ठेक्का सम्झौता अन्त्य गर्ने निर्णयलाई नै निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १३** नगर कार्यपालिकाको मिति २०८०।०१।१२ को निर्णयानुसार गैंडाकोट नगरपालिका र चाईना स्टेट कन्स्ट्रक्सन ईन्जिनियरिङ लिमिटेड बीच भएको सम्झौता बमोजिमको नदिजन्य पदार्थ थुम्सी जैनटार खण्डबाट समेत संकलन तथा उत्खनन गरी ढुवानी गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४** आवधिक योजनाको अन्तिम प्रतिवेदनको ड्राफ्ट बैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त प्रतिवेदनको सम्बन्धमा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेत समेटी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** जिल्ला अदालत कावासोतीबाट माग भई आए बमोजिमको रु १ लाख सम्मको मेशिनरी समाग्री अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६** गैंडाकोट नगरपालिकाको वडा नं.१०,११,१२,१३,१६ र १७ को नारायणी नदीसंग जोडिएका केही स्थानहरु चितवन राष्ट्रिय निकुञ्जको प्रवाभित क्षेत्र मध्यवर्तीक्षेत्रमा राखिएको हुँदा उक्त स्थानहरुलाई मध्यवर्तीक्षेत्रबाट हटाउन पहल गर्ने प्रयोजनका लागि देहाय बमोजिम एक समिति बनाउने निर्णय गरियो ।

संयोजकः श्री शान्ती कोईराला नगर उपप्रमुख
सदस्यः श्री शिवकान्त तिवारी नगर प्रवक्ता एवं वडा अध्यक्ष वडा नं. ३
सदस्यः श्री गोविन्द प्रसाद सुवेदी वडा अध्यक्ष वडा नं. ११
सदस्यः श्री गोपी कँडेल वडा अध्यक्ष वडा नं. १७
सदस्यः श्री देवीदत्त कँडेल वडा अध्यक्ष वडा नं. १०

**निर्णय नं. १७** नगर कार्यपालिकाको मिति २०८०।०१।१२ को निर्णय समेतका आधारमा गैंडाकोट नगर क्षेत्र भित्रका स्थानीय उपभोक्ता (व्यक्ति, संस्था, फर्म/कम्पनी ) लाई गैंडाकोट नगरपालिका वडा नं. ७ को खलेचौर क्षेत्रबाट प्रदेश सरकारले तोकेको रोयल्टी रु. ७ र नगरले तोकेको रु. १ पर्यावरण शुल्कमा नियमानुसारको मुल्य अभिवृद्धी कर र अग्रिम आयकर थप गरी सहुलियत दरमा नदिजन्य पदार्थ लोडिङ शुल्क स्वयं व्यहोर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८** नेपालका विभिन्न भागमा पशुहरुमा फैलिएको लम्फी स्कीन रोगबाट गैंडाकोट नगर क्षेत्रका पशुहरु समेत प्रभावित भएकोले सो रोगबाट पशुहरुलाई जोगाउन संघ तथा प्रदेशसँग समेत समन्वय गरी यथाशीध्र खोपको

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

व्यवस्थापन गर्ने र यसरी संघ तथा प्रदेशबाट खोप प्राप्त हुन नसकेमा महामारीको कारण विशेष परिस्थिति परेकाकोले नगरको तर्फबाट सार्वजनिक खरिद कानुनको विशेष परिस्थितिमा खरिद गर्ने प्रावधान अनुसार यथाशीध्र आवश्यक परिमाण खरिद गरी पशु चौपायामा खोप अभियान संचालन गर्ने र यसको लागि आवश्यक बजेट नगरको आन्तरिक श्रोतबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. १९** गैंडाकोट नगरपालिका विभिन्न वडाबाट निर्णय गरी सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | साविकको योजना | रकम | परिवर्ति योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ८ | विजयनगर टोल विकास समिति(ईश्वरी आचार्यको घर देखि पूर्व प्रकास पौडेलको घरसम्म) | रु.१०,००,०००/- | वडाका १ देखि ११ सम्मका टो.वि.स. भित्रका बाटोहरुमा ग्रावेल गर्ने | रु.१०,००,०००/- |
| १३ | अन्नपूर्ण मार्ग स्तरोउन्नती | रु.८,००,०००/- | नारायणी आधारभुत विद्यालयमा फर्निचर खरिद् | रु. ८,००,०००/- |
| १५ | नर्मदेश्वर शिवालय मन्दिर ट्रस निर्माण | रु.१,००,०००/- | नर्मदेश्वर शिवालय मन्दिर परिसरमा शौचालय निर्माण | रु.१,००,०००/- |

शान्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख